मिति २०८२।०४।१३ गतेको कार्यपालिका बैठकबाट पारित भै कार्यविधि २०६४ खारेज गरि जारि गरिएको।

रुपा गाउँपालिका

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

स्थानीय स्तरको सार्वजनिक विकास तथा निर्माणमा निजी क्षेत्रको ज्ञान र विपेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी रुपा गाउपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रराम्भः** (१) यस कार्यविधी को नाम **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३** रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) अध्यक्ष भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) आर्थिक ऐन भन्नाले रुपा गाउँपालिकाको गाउँ सभाबाट साल बसाली रुपमा जारी हुने आर्थिक ऐन सम्झनुपर्दछ ।

(ग) ऐन भन्नाले निमार्ण व्यवसाय ऐन, २०५५ सम्झनु पर्छ ।

(घ) नियमावली भन्नाले निमार्ण व्यवसाय नियमावली २०५६ सम्झनु पर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले रुपा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) समिति भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ) शाखा भन्नाले रुपा गाउँपालिकाको पूर्वाधार विकास शाखा सम्झनु पर्दछ ।

## परिच्छेद-२

## इजाजत पत्रको नीति र समिति सम्बन्धी व्यवस्था

३. निमार्ण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न तथा घ वर्गका इजाजतपत्र जारी, नामसारी, ठाउँसारी सिफारिस लगायतका कार्यहरु गर्न देहाय बमोजिमको सार्वजनिक निमार्ण सिफारिस समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष —अध्यक्ष

(ख) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ग) योजना अधिकृत वा योजना शाखा प्रमुख —सदस्य

(घ) लेखा अधिकृत वा लेखा शाखा प्रमुख —सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारी —सदस्य सचिव

बढीमा २ जना सदस्य आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछ ।

४. समितिको वैठिक सम्बन्धी व्यवस्था समिति आफैले निधारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

५. निमार्ण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा रुपा गाउँपालिकालाई आवश्यक सहयोग पुर्याउन र छानविन गरी कार्यन्वयन गर्न एक कार्यन्वयन समितिको गठन हुनेछ ।

(क) पूर्वाधार विकास शाखा प्रमुख — संयोजक

(ख) योजना शाखाका प्रमुख —सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको पूर्वाधार विकास शाखाको कर्मचारी —सदस्य सचिव

६. समितिको बैठक सम्बन्धी कार्यविधी समिति आफैले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-३

## इजाजत पत्र सम्बन्धी व्यवस्था

**(७) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम गाउँपालिकाबाट इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि गाउँपालिका क्षेत्रभित्र सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(८) इजाजत पत्र सम्बन्धी व्यवस्था :** (१) अनुसूचि-४ बमोजिम योग्यता पूरा भएका व्यक्ति, फर्म वा कम्पनीले सार्वजनिक निर्माण कार्य गर्न चाहेमा नियमावलीमा समेत उल्लेख भए अनुरुपको अनुसुची—१ बमोजिमको ढाचामा निमार्ण कार्य गर्न इजाजत पत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु समितिबाट रितपूर्वक भए वा नभएको कार्यान्वयन समितिमार्फत चेकजाँच गरी आवश्यक परेमा सो विवरण सम्बन्धी अन्य कागजात समेत पेश गराई इजाजतपत्र जारीका लागि आवश्यक निर्णय सहित प्रमुख प्रशासकीय अधकृत समक्ष सिफारिस गर्नुपर्दछ ।

(३) उपदफा (२) बमोजिम योग्यता पूरा भएका व्यक्ति, फर्म वा कम्पनीहरुको इजाजतपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट आर्थिक ऐन बमोजिमको दस्तुर लिई नियमावलीमा समेत उल्लेख भए अनुरुपको अनुसूची-२ बमोजिमको ढाँचामा जारी हुनेछ ।

(४) उपदफा (२) बमोजिम जारी भएका इजाजतपत्रको अनुसूची-३ बमोजिमको ढाँचामा कार्यालयमा अभिलेख राख्नुपर्नेछ । दफा १० बमोजिम नविकरण हुने इजाजतपत्रको अभिलेख समेत सोही ढाँचामा अध्यावधिक गर्नुपर्नेछ ।

**(९) इजाजत पत्र मान्य हुने अवधि :** (१) दफा ८ बमोजिम जारी भएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र लागु हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा जुनसुकै बेला इजाजतपत्रको बैद्यता अन्त हुनेछ ।

**(१०) इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम जारी भएको इजाजतपत्र नविकरण गर्न निर्माण व्यवसायीले शाखामा निवेदन पेश गर्नु पर्दछ ।

(२) दफा ८ बमोजिम जारी भएको इजाजतपत्र नविकरणको लागि प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिनाभित्र करचुक्ता प्रमाणपत्र, फर्म वा कम्पनीको दर्ता नविकरण, आर्थिक ऐन बमोजिमको दस्तुर तिरेको र नियमानुसार गाउँपालिकामा तिरेको बहाल करको रसिद समेत संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ। ३ महिनाभित्र नविकरणको प्रकृयामा नजाने फर्म वा कम्पनीको लागि गाउँपालिकाको आर्थिक ऐन बमोजिम थप जरिवाना लाग्नेछ ।

(३) उपदफा १ बमोजिम नविकरणको लागि निवेदनसाथ कागजात पेश गर्दा अनुसूची-४ बमवजिमको पासबुक भरी अघिल्लो आ.व. मा सो फर्म वा कम्पनीले गरेको कार्यहरुको प्रगति विवरण समेत पेश गर्नु पर्नेछ ।

(४) यसरी अनुसूची ४ बमवजिमको पासबुक विवरण अद्ययावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न गाउँपालिका बाध्य हुने छैन ।

(५) यस दफा बमोजिम नविकरणका लागि पेश भएका निवेदनहरुमा प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गर्नेछ ।

## परिच्छेद-४

## विविध

**(११) इजाजतपत्रको खारेजी :** (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुटो विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,
(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुटो विवरण पेस गरेको बेहोरा सम्बन्धित निकायबाट लेखी आएमा,
(ग) सार्वजनिक निकायसँग भएको सम्झौताबमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा,
(घ) एक व्यक्तिले एक भन्दा बढी निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेको पुष्टि भएमा ।



CamScanner

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिब माफिकको मौका दिइनेछ ।

(३) यस दफाबमोजिम इजाजतपत्र खारेज भएकोमा महानगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म, व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई समेत दिनुपर्नेछ ।

**(१२). इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि प्राप्त गर्न निवेदन दिएमा आर्थिक ऐनले तोकेबमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ । सो निवेदनका साथ दर्ता नविकरणको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य र उपलब्ध भएसम्म इजाजतपत्रको अघिल्लो आ.व. सम्मको नविकरणको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

**(१३). इजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्था :** इजाजतपत्र प्राप्त गर्ने निर्माण व्यवसायीको मृत्यु भएमा वा अन्य कारणले इजाजतपत्रको नामसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट नामसारी प्रमाणित भई आएको पत्र तथा शेयरधनी परिवर्तन गरिएको पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट नामसारी भई सम्बन्धित फर्मको नयाँ प्रोप्राइटरको फोटो टाँस भई आएको प्रमाणपत्र तथा कम्पनी रजिष्टार कार्यालयबाट शेयर लगत कट्टा सहितको शेयरधनीको दर्ता किताबको प्रतिलिपिसमेत संलग्न राखी शाखामा निवेदन दिनुपर्नेछ र यसरी निवेदन प्राप्त हुन आएमा आर्थिक ऐनले तोकेबमोजिमको दस्तुर लिई समितको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नामसारीसहितको इजाजतपत्र प्रदान गर्नेछ ।

**(१४). इजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्था :** अनुसूची-५ बमोजिमको योग्यता पूरा भएका व्यक्ति, फर्म वा कम्पनीले रुपा गाउँपालिका कार्यक्षेत्र परिवर्तन गरी अन्य स्थानीय तह वा निकायमा ठाउँसारीको लागि निवेदन पेश गरेमा घरेलु तथा साना उद्योग कार्यालयबाट साविकको ठेगाना तथा हाल कायम हुने ठेगाना परिवर्तन गरिएको पत्र, आन्तरिक राजस्व कार्यालयबाट ठेगाना परिवर्तन गरिएको प्रमाणपत्र तथा कम्पनी रजिष्टार कार्यालयबाट कम्पनी अद्यावधिक तथा रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन सहितको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपिसमेत संलग्न राखी निवेदन दिएमा समितको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले ठाउँसारी सहितको सिफारिस प्रदान गर्नेछ ।

**(१५). प्रचलित कानूनबमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति व्यवस्थाको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**(१६). खारेजी र बचाउ :** (१) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) यसअघि प्रचलित कानूनबमोजिम दर्ता भएका ठेक्का बन्दोवस्तीसम्वन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको एवम् भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।



CamScanner

**अनुसूची १**

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

# ईजाजतपत्रको लागि दिइने दरखास्त

श्री सार्वजनिक निमार्ण समिति
रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट , कास्की ।

विषय : इजाजतपत्र पाऊँ भन्ने बारे ।

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :-

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-**

नाम :-

ठेगाना :-

पोष्ट वक्स :-

टेलिफोन नं. :-

फ्याक्स नं.:-

ईमेल :-

**२. फर्म वा कम्पनीको प्रकृति** (कोष्ठमा चिन्ह लगाउने)

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-**

नाम थर :-

ठेगाना :-

पोष्ट वक्स :-

टेलिफोन :-

फ्याक्स :-

ईमेल :-

**४. फर्म वा कम्पनीको विवरण :-**

दर्ता नं. :-

दर्ता मिति :-

अधिकृत पूँजी :-

जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

**५. इजाजतपत्र लिन चाहेको वर्ग :-** घ वर्ग

६. इजाजत लिन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| विवरण | रकम | वित्तीय संस्था , बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यसअघि सम्पन्न गरेको विवरण:

| सि.न. | निर्माणसम्बन्धी कामको प्रकृति | काम गरेको वर्ष | रकम | फर्म वा कम्पनीको नाम | कामको अवुधा वा प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



CamScanner

११.करचुक्ता गरेको प्रमाणपत्र सम्बद्ध कागजात

क.

ख.

ग.

१२. सञ्चालक वा शेयरधनीको तीनपुस्ते विवरण:

| सि.न. | नामथर | बतन | सम्पर्क न | लगानीको हिस्सा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१३. सञ्चालक वा शेयरधनी सबैको नेपाली नागरिकता वा राष्ट्रय परिचयपत्रको प्रतिलिपि पेश गरेको हुनुपर्दछ ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत :-

नामथर-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।



CamScanner

अनुसूची २

(दफा ८ को उपदफा ३ सँग सम्बन्धित)

# इजाजत-पत्र

.....................

रुपा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाकोट, कास्की

इजाजतपत्र नं.......................

इजाजत मिति :-

## खण्ड-क

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ को दफा ८ को उपदफा ३ बमोजिम निर्माण व्यवसाय गर्न ............................. स्थित कार्यालय भएको ..................................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ।

घ

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

मिति :-

इजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

कार्यालय :-

नोट-

१.यो इजाजत पत्र १ आ.व. सम्म बहाल रहनेछ ।

२. प्रत्येक वर्ष श्रावन महिनमदेखि आश्विन मसान्तसम्म नविकरण गरिसक्नु पर्नेछ ।

३. आश्विन मसान्त पश्चात नविकरण हुन आउने इजाजतपत्रको गाउँपालिकाको आर्थिक ऐन बमोजिम जरिवाना लाग्नेछ

## नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



CamScanner

## अनुसूची ३

(दफा ८ को उपदफा ४ सँग सम्बन्धित)

### इजाजतपत्र अभिलेखपत्र

रुपा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाकोट, कास्की

इजाजतपत्र नं...................... इजाजत मिति :-

### खण्ड-क

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को -

क) नाम -

ख) ठेगाना -

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको -

क) नाम -

ख) ठेगाना -

३. निर्माण व्यवसायको -

क) दर्ता नं. -

ख) दर्ता मिति -

४. ईजाजतपत्रको -

क) वर्ग -

ख) समूह -

५. ईजाजतपत्र जारी गरेको सुरु मिति -

### खण्ड-ख

नवीकरण

| सि.न. | नविकरण भएको मिति | ईजाजतपत्र नविकरण दस्तुरको भौचर नं. | नविकरण दस्तुर बुझाएको मिति | नविकरण दस्तुर बुझाएको बैक वा विधि | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## खण्ड ग

### कार्य अभिलेख विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्वन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## खण्ड घ

### निर्माण व्यवसायी कोषमा रकम वुझाएको विवरण

| सि. नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्वर | ठेक्का सम्झौता बमोजिम को रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा वुझाएको रकम | सम्वन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ४

(दफा १० को उपदफा ३ सँग सम्बन्धित)

### निर्माण व्यवसायीबाट गरिएका सार्वजनिक निर्माण कार्यको अभिलेख (पासबुक)

| क्र.स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (भएमा) | ठेक्का विवरण | ठेक्का सम्पन्न विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क.ठेक्का रकम | क.अन्तिम ठेक्का रकम | | | | | | | | | | |
| | | | | ………… | ………… | | | | | | | | | | |
| | | | | ख.सम्झौता मिति | ख.सम्पन्न मिति | | | | | | | | | | |
| | | | | ……………… | ……………… | | | | | | | | | | |
| | | | | ग.ठेक्का अवधि | | | | | | | | | | | |
| | | | | …………… | | | | | | | | | | | |
| | | | | | घ.नाम- | | | | | | | | | | |
| | | | | | पद- | | | | | | | | | | |
| | | | | | हस्ताक्षर | | | | | | | | | | |
| | | | | | छाप | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

नाम पद हस्ताक्षर

छाप

## अनुसूची ५

(दफा ८,१३ र १४ सँग सम्बन्धित)

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानूनबमोजिम दर्ता हुनुपर्ने अन्य निकायमा दर्ता भएको हुनुपर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भई नेपाल ईन्जिनियरिङ काउन्सिल दर्ता नम्वरवाला एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्यशास्त्र वा अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

**३.मेसिन र उपकरण :**

क. टिपर / मिनिटिपर - एक थान

ख. मिक्चर - एक थान

ग. थियोडोलाइट (Thedolite) / लेभल मेसिन - एक सेट

घ. भाइब्रेटर — दुई थान

ङ. वाटर पम्प - दुई थान

**द्रष्टव्य :**

बुँदा नम्बर ३ को खण्ड 'क' र 'ख' मा उल्लेख भएका उपकरणका सम्बन्धमा भाडा वा लिजमा लिएको भए कम्तिमा २ वर्षको लागि लिएको प्रमाण साथै बीमा गरेको कागजातहरू पेस गर्नुपर्नेछ । वहाल कर बापतको नियमानुसारको रकम गाउँपालिकामा दाखिला रहेको प्रमाण अनिवार्य पेश गर्नुपर्नेछ । सोबाहेकका उपकरणहरू सम्बन्धित फर्म वा कम्पनी स्वयम्को स्वामित्वमा भएको प्रमाणपत्रको साथै बीमा गरेको कागजातहरू पेस गर्नुपर्नेछ ।

४. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठिक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियरिङ काउन्सिल दर्ता नम्वर प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

५. माथि उल्लिखित यन्त्र/उपकरणहरू दर्ता भएको मितिले न्यूनतम दुई वर्षसम्म वेचबिखन गर्न पाइनेछैन ।

६. पन्ध्र वर्षभन्दा पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनका लागि मान्य हुनेछैन ।

७. "घ" वर्गको इजाजतपत्र नेपाली नागरिकलाई मात्र उपलब्ध गराइनेछ ।

स्वीकृत मिति : २०८३/०४/१३

आज्ञाले

अनन्त राज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत